मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत
प्रस्ताव दर्ता नं : ६१२
प्रस्ताव दर्ता मिति: ०७७।३।५

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत ।

**विषय: स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद थप सम्बन्धमा।**

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीज्यूबाट स्वीकृति प्राप्त मिति:- २०७७।०३।५

**१. विषयको संक्षिप्त व्यहोरा:-**

विश्वव्यापी महामारीको रुपमा रहेको कोराना भाइरस रोग (कोभिड-१९) को प्रतिकार्य, रोकथाम तथा उपचारको लागी कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७६/११/२३ को निर्णय बाट कर्णाली प्रदेश प्रवेश गर्ने ५ वटा नाकाहरु क्रमशः हुम्लाको हिल्सा (हालः याल्वाङ), सल्यानको कपुरकोट, सुर्खेतको बबई, सुर्खेत विमानस्थल र कुइनेमा हेल्थ डेस्क स्थापना गर्ने आवश्यक पर्ने मेडिकल अधिकृत १० जना (दरबन्दीमा रहेका मध्येबाट), हेल्थ असिस्टेन्ट ३२ जना (छोटो समयको सूचना प्रकाशन गरी संक्षिप्त कार्यविधि अपनाई तालिम प्राप्त बाह्य जनशक्तिबाट छनोट गरेर), स्टाफ नर्स/अ.न.मी. २६ जना (सामुदायिक नर्स परिचालन कार्यक्रम अन्तर्गत स्टाफ नर्स/अ.न.मी. छनोट गर्दाको रोस्टरमा रहेको मध्येबाट) कुलजनशक्ति ६८ जना बढीमा तीन महिनाको लागि परिचालन गर्ने स्वीकृति प्राप्त भएकोमा करार म्याद मिति २०७७/०३/०५ मा तीन महिना म्याद पुगेको र हाल कोरोना भाइरस रोग (कोभिड-१९) को संक्रमण कर्णाली प्रदेशमा समेत दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा हेल्थ डेस्कका साथै स्थानीय आइसोलेसनमा समेत कर्मचारी खटाउनुपर्ने भएकोले असार मसान्तसम्म करार म्याद थप गर्न आवश्यक भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा:–**

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदको मिति २०७६/११/२३ को निर्णय बमोजिम कोरोना भाइरस रोग (कोभिड-१९) प्रतिकार्य सम्बन्धमा सामाजिक विकास मन्त्रालयले तयार गरेको कार्ययोजना स्वीकृत भएको र सोही बमोजिम कर्मचारी परिचालन हुंदै आएकोमा परिचालित कर्मचारीहरुको सम्झौता बमोजिम म्याद सकिएकको र हालको परिस्थितिलाई मध्यनजर गर्दै हेल्थ डेस्कका साथै स्थानीय आइसोलेसनमा प्रकरण नं.१ मा उल्लेख भएका कर्मचारीको थप आवश्यकता देखिएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस:-**

प्रकरण नं.१ मा उल्लेख भए बमोजिम स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद थप गर्न स्वीकृतिका लागी प्रदेश सरकार मन्त्रीपरिषदमा प्रस्ताव पेश गर्ने माननीय विभागीय मन्त्रीबाट मिति २०७७।०३।०५ मा

प्र. सचिव

स्वीकृती प्राप्त भएकोले कर्णाली प्रदेश सरकार कार्य सम्पादन नियमावली २०७४ को अनुसूचि १ को विषय संख्या १८ बमोजिम यो प्रस्ताव गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोराः
(कोभिड-१९) को प्रतिकार्य, रोकथाम तथा उपचारको लागी कर्णाली प्रदेशका ५ वटा नाकामा हेल्थ डेस्कका साथै स्थानीय आइसोलेसनमा खटिनेगरि मेडिकल अधिकृत १० जना, हेल्थ असिस्टेन्ट ३२ जना, स्टाफ नर्स/अ.न.मी. २६ जना समेत गरी जम्मा ६८ जनाको करार सम्झौताको म्याद २०७७ असार मसान्त सम्मको लागी थप गर्न स्वीकृति प्रदान गर्ने।

मितिः २०७७।०३।०५

(धर्मजित शाही)
का.मु.सचिव

का.मु. सचिव

---

श्री सचिव,
सामाजिक विकास मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत ।

स्वास्थ्यकर्मीको करार सम्झौताको म्याद थप गर्ने विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/०३-२०७७/०३/०६ को प्रस्ताव प्र.मं.प.बै.सं. ७/०७७ मिति २०७७/०३/१० को प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम २४ बमोजिम अनुरोध गरेको छु।

<u>प्रदेश सरकारको निर्णय :</u>
"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(टेकनारायण पाण्डे)
प्रमुख सचिव
२०७७।०३।१०

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, नेपाल